# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असोज २१ गते २०३१ साल [संख्या २६

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

धनादेश नियमावली, २०३१

हुलाक ऐन, २०१९ को दफा ३७ ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "धनादेश नियमावली, २०३१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "प्रेषक" भन्नाले धनादेशबाट रकम पठाउने व्यक्ति सम्झनुपर्छ।

(ख) "प्रापक" भन्नाले धनादेशको रकम भुक्तानी पाउने भनी धनादेशमा उल्लिखित व्यक्ति सम्झनुपर्छ।

(ग) "महानिर्देशक" भन्नाले हुलाक सेवा विभागको महानिर्देशक सम्झनुपर्छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. धनादेशबाट आदान-प्रदान गर्न सकिने रकमको हद:– धनादेशबाट आदान-प्रदान गर्न सकिने रकमको हद रू. १०००।– हुनेछ।

तर श्री ५ को सरकारले आवश्यक देखेमा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी धनादेशबाट आदान-प्रदान गर्न सकिने रकमको हदमा हेरफेर गर्न सक्नेछ।

४. धनादेश बापत लाग्ने कमिशन:– धनादेश बापत लाग्ने कमिशनको दर देहायबमोजिम हुनेछः–

(क) रू. १००।– सम्म प्रत्येक रू. १०।– मा –।२५ पैसा।

(ख) रू. १००।– भन्दामाथि प्रत्येक रू. २०।– मा –।५० पैसा।

५. हुलाक कार्यालयहरूको नाम तोक्ने:– धनादेश सेवाको कारोवार गर्ने हुलाक कार्यालयहरूको नाम हुलाक सेवा विभागले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्नेछ।

६. धनादेश फाराम भर्ने:– प्रेषकले धनादेश पठाउन हुलाक कार्यालयबाट धनादेश फाराम प्राप्त गरी प्रापकको नाम र ठेगाना प्रष्ट उल्लेख गरी आवश्यक विवरणहरू भर्नुपर्छ, प्रेषकको निमित्त अन्य कुनै व्यक्तिले पनि धनादेश फाराम भर्न सक्नेछ।

७. धनादेशको भुक्तानी दिने:– (१) धनादेशको भुक्तानी दिंदा धनादेश फाराममा र हुलाक कार्यालयको धनादेश भुक्तानी (डेलिभरी) किताबमा प्रापक वा निजको अख्तियारवालालाई दस्तखत गराई वा रेखात्मक छाप लगाई धनादेशको रकमको भुक्तानी दिइनेछ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रापक नचिनी शंका लागेमा एकजना चिन्हाउने व्यक्ति लिएर मात्र धनादेशको भुक्तानी दिइनेछ।

तर अस्पतालमा भर्ना भएको वा छात्रावास वा होटेलमा बस्ने व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी त्यस्तो अस्पताल, छात्रावास वा होटेलको सुपरिण्टेण्डेण्ट वा प्रबन्धकको सिफारिशमा दिन सकिनेछ।

८. नाबालक, अपंग वा मानसिक अवस्था ठिक नभएको व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी:– (१) नाबालकको नाममा आएको धनादेशको भुक्तानी दिंदा निजको आमा वा बाबुको दस्तखत गराई भुक्तानी दिइनेछ। आमा बाबु दुवै नभएको नाबालकको नाममा आएको धनादेशको भुक्तानी दिंदा एकजना साक्षी राखी नाबालक जुन व्यक्तिको साथमा बसेको छ सोही व्यक्तिको दस्तखत गराई भुक्तानी दिइनेछ।

(२) अपंग वा मानसिक अवस्था ठीक नभएको व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी यदि निज आमा वा बाबुको साथमा बसेको रहेछ भने आमा वा बाबुको दस्तखत गराई भुक्तानी दिइनेछ। निज अन्य कुनै व्यक्तिको साथमा रहे बसेको भए एकजना साक्षी राखी त्यस्तो साथमा राख्ने व्यक्तिको दस्तखत गराई भुक्तानी दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर धनादेशको भुक्तानीसम्बन्धी सबै प्रक्रियाको ज्ञान भएको अपंग व्यक्तिको नाममा आएको धनादेशको भुक्तानी निजलाई नै दिइनेछ ।

९. रसीद दिइने:– (१) प्रेषकले धनादेशको रकम हुलाक कार्यालयमा बुझाएपछि हुलाक कार्यालयबाट निजलाई त्यसको रसीद दिइनेछ ।

(२) प्रापक वा निजको अख्तियारवालाले दस्तखत गरेको धनादेशको फिर्ती रसीद प्रेषककहाँ पठाइनेछ । चलानको अवस्थामा धनादेशको फिर्ती रसीद हराएमा हुलाक कार्यालयले प्रेषकलाई भुक्तानीको निस्सा दिनेछ ।

१०. धनादेशको रकम फिर्ता माग्न वा अरूलाई भुक्तानी दिन सकिने:– (१) प्रापकलाई धनादेशको भुक्तानी नहुँदै प्रेषकले धनादेशको रकम फिर्ता लिन चाहेमा सो रकम प्रेषकलाई फिर्ता भुक्तानी दिइनेछ ।

तर धनादेश बापत लागेको कमिशन फिर्ता हुने छैन ।

(२) धनादेशको भुक्तानी नहुँदै प्रेषकले प्रापक फेर्न चाहेमा निजले नयाँ प्रापकको नाम ठेगाना खोली धनादेशको रकम बुझ्ने हुलाक कार्यालयमा आवेदन गर्न सक्नेछ । त्यसरी प्रापक फेर्दा धनादेश बापत लाग्ने कमिशन पुनः बुझाउनु पर्नेछ ।

(३) उप–नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि धनादेशको रकम फिर्ता लिन वा प्रापकको सट्टा अर्को व्यक्तिलाई धनादेशको भुक्तानी गराउन आवेदन गरेको ढिलो भई वा अन्य कुनै कारणबाट प्रापकलाई धनादेशको भुक्तानी रोक्का गर्न नसकेमा हुलाक कार्यालय जवाफदेही हुने छैन ।

११. धनादेशको पुनः निर्देशन (रीडाइरेक्शन) हुन सक्ने :– प्रापकले ठेगाना बदली सकेको र निजले आफ्नो नाममा आउने हुलाक वस्तु निजको हालको ठेगानामा पठाउन हुलाक कार्यालयलाई लिखित सूचना गरेको रहेछ भने निजको साविक ठेगानामा आएको धनादेश निजको हालको ठेगानामा पुनः निर्देशन (रीडाइरेक्शन) गर्न सकिनेछ र यसको लागि कुनै दस्तुर वा कमिशन लाग्ने छैन ।

१२. प्रापक फेला नपरेमा वा प्रापकले भुक्तानी लिन नआएमा :– फेला नपरेमा वा प्रापकले धनादेशको रकम भुक्तानी लिन इन्कार गरेमा वा भुक्तानी लिन तोकिएको अवधिभित्र भुक्तानी लिन नआएमा धनादेशको रकम प्रेषकलाई नै फिर्ता भुक्तानी दिइनेछ ।

तर धनादेश बापत तिरेको कमिशन भने फिर्ता गरिने छैन ।

१३. धनादेशको भुक्तानी लिने अवधि:– धनादेशको भुक्तानी लिन हुलाक कार्यालयबाट सूचना प्राप्त भएपछि प्रापकले सो सूचना पाएको मितिले सात दिनभित्र धनादेशको भुक्तानी लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर प्रापकले उपरोक्त अवधिभित्र लिखित आवेदनद्वारा धनादेशको भुक्तानी पछि लिन माग गरेमा सो अवधि नाघेको मितिले अर्को सात दिनसम्म सो रकम धरौटीमा राखिनेछ।

१४. रद्द धनादेश :– (१) प्रापक फेला नपरी भुक्तानी हुन नसकी फिर्ता आएको धनादेश प्रेषक पनि फेला नपरी फिर्ता भुक्तानी हुन नसकेमा त्यस्तो धनादेश रद्द धनादेश मानिने छ र त्यस्तो रद्द धनादेशको रकम केन्द्रीय हुलाक कार्यालयमा धरौटीमा राखिनेछ।

(२) उप–नियम (१) बमोजिम प्रापक र प्रेषक फेला नपरी रद्द मानिएका धनादेशको रकम धनादेश पठाइएको मितिले एक बर्षसम्ममा पनि प्रापक वा प्रेषकले भुक्तानीको दावी नगरेमा त्यस्तो धनादेशको रकम सर्व संचित कोषमा दाखिल गरिनेछ।

१५. क्षतिपूर्ति दिने:– (१) धनादेश हुलाक कार्यालयमा दर्ता भै सकेपछि धनादेशको भुक्तानी हुन नपाउँदै धनादेश हराएमा प्रेषकले सो धनादेशको रकम र सो बापत तिरेको कमिशनको रकमसमेत क्षतिपूर्तिको निमित्त दावी गर्न सक्नेछ।

(२) उप–नियम (१) बमोजिम क्षतिपूर्तिको निमित्त दावी परेमा हुलाक कार्यालयले त्यस्तो दावी परेको मितिले ६ महीनाभित्र प्रेषकलाई क्षतिपूर्ति तिर्नेछ।

१६. फारामहरूको ढाँचा तोक्ने :– यस नियमावलीबमोजिम धनादेश सम्बन्धमा प्रयोग गरिने फारामहरू, त्यसको ढाँचा र सो फारामहरू भर्ने तरीका महानिर्देशकले समय समयमा तोकेबमोजिम हुनेछ।

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको का. मु. सचिव

७९८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।